" कृषि, पर्यटन र पुर्वाधार, सम्वृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

प.सं. : २०७९/०८०

च.नं. :

मिति : २०८०/०१/११

विषय - कक्षा ८ को बार्षिक परीक्षाको नतिजा प्रकाशन गरिएको सम्बन्धमा ।

श्री कक्षा ८ सञ्चालित विद्यालयहरु सबै ।
मिक्लाजुङ गाउँपालिका रवि,पाँचथर ।

प्रस्तुत विषयमा मिक्लाजुङ गाउँपालिका स्तरीय आधारभुत तह (कक्षा-८) उतीर्ण परीक्षा समितिको मिति २०८० बैशाख ११ गते सोमवार बसेको बैठकको निर्णय अनुसार शैक्षिक सत्र २०७९ को आधारभुत तह (कक्षा-८ ) उतीर्ण परीक्षाको नतिजा प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ। साथै विद्यालयहरुले तपसिलको प्रक्रिया अपनाई आफ्नो विद्यालयको नतिजा हेर्न सकिनेछ ।

तपशिलः

१. सम्वन्धित विद्यालयले IEMIS login गर्ने ।
२. Dashboard मा भएको Manage Exam मा Click गर्ने ।
३. School Level marks मा click गर्ने ।
४. Grade 8,Year 2079 Select गरेर View Ledger गर्ने ।
५. आफुलाई चाहिएको विवरणमा (Father, Mother, DOB (AD)) Click गरी Export to PDF गरेर print गर्ने ।
६. विद्यालयले आफ्ना विद्यार्थीहरुको नतिजा राम्रोसंग रुजु गरेर मात्र प्रकाशन गर्ने ।

पुनश्चः

- विद्यार्थीहरुको नामथर, जन्ममिति लगायतका विवरण फरक परेमा जन्मदर्ताको प्रतिलिपि सहित विद्यालयले विद्यार्थीहरुको समिष्टिगत विवरण तयार गरी मिति २०८०/०१/२५ गते सम्ममा यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नपर्ने छ।
- विद्यालयहरुलाई कक्षा ८ को प्रमाणित एक प्रति प्रमाणित ग्रेडलेजर मिक्लाजुङ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट उपलब्ध गराइने छ ।
- ग्रेडलेजर रुजु भएपछि मात्र कक्षा ८ को विद्यार्थीहरुको प्रमाणित मार्कसिट विद्यालयहरुलाई उपलब्ध गराइने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

नोटः

१. कुनैपनि विद्यार्थीहरुलाई नतिजा चित नवुझेमा नतिजा प्रकाशन भएको सात दिनभित्र अध्ययन गरेको विद्यालयमा पुनर्योगको लागि विद्यालय मार्फत परीक्षा समिति समक्ष निवेदन दिन सक्नेछ।

२. परीक्षाको नतिजामा दुई विषय सम्म NG ल्याएका परीक्षार्थीले ग्रेड वृद्धि गर्न चाहेमा मिति २०८०/०१/१५ गते भित्र अध्ययन गरेको विद्यालय आवेदन पेश गर्ने।

३. ग्रेड वृद्धि परीक्षा मिति २०८०/०१/२० गते देखि मिक्लाजुङ गाउँपालिकाको वडा नं. ४ मा रहेको श्री दुर्गा मा.वि.मा विहान ७:०० बजे देखि सञ्चालन हुने तथा उक्त परीक्षाको समयतालिका निम्नानुसार रहको व्यहोरा जानकारी गराईन्छ।

परीक्षाको समय तालिकाः

| क.सं | मिति | विषय | समय | कैफियत |
|---|---|---|---|---|
| १ | २०८०/०१/२० | अनिवार्य अंग्रेजी | विहान ७:०० बजेबाट | |
| २ | २०८०/०१/२१ | अनिवार्य गणित | विहान ७:०० बजेबाट | |
| ३ | २०८०/०१/२२ | अनिवार्य नेपाली | विहान ७:०० बजेबाट | |
| ४ | २०८०/०१/२३ | अनिवार्य विज्ञान | विहान ७:०० बजेबाट | |
| ५ | २०८०/०१/२४ | अनिवार्य सामाजिक | विहान ७:०० बजेबाट | |
| ६ | २०८०/०१/२५ | ऐच्छिक कम्प्युटर /स्वास्थ्य तथा शारीरिक शिक्षा | विहान ७:०० बजेबाट | |
| ७ | २०८०/०१/२६ | अनिवार्य पेशा व्यवसाय र प्रविधि/ अनिवार्य नैतिक शिक्षा | विहान ७:०० बजेबाट | |

..............................

विभुषण न्यौपाने

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत